# खिजीदेम्वा गाउँपालिका
# खिजीफलाटे, ओखलढुंगा
# कोशी प्रदेश, नेपाल

## स्थानीय राजपत्र

**भागः२ खण्डः६ संख्याः६ मितिः२०८०/०९/२१**

**कार्यपालिकाबाट जारी नियमावली निर्देशिका र कार्यविधिहरु नेपालको संविधानको धारा २२६ बमोजिम खिजीदेम्वा गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

**खिजीदेम्वा गाउँपालिकाको खेलकुद विकास सम्बन्धी कार्यविधि, २०८२**

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति: २०८२/०८/२३

**प्रस्तावनाः**

खिजीदेम्वा गाउँपालिका मा खेलकुद क्षेत्रको समग्र विकास गर्न, अन्य स्थानीय तह र राष्ट्रिय स्तरमा खेलकुदको माध्यमबाट खिजीदेम्वा गाउँपालिकाको पहिचान गराउन, गाउँपालिकाभित्र रहेका खेल प्रतिभा एवं सृजनशीलताको कदर गर्दै खेलाडी र खेल क्षेत्रसंग सम्बन्धित व्यक्ति, संघ संस्थाहरुलाई संरक्षण, प्रवर्द्धन, सम्मान र प्रोत्सहान सहित सकरात्मक सोच र उच्च मनोवलका साथ मर्यादित र अनुशासन सहितको क्षमता एवं प्रतिभाको विकास गर्न, खेलकुद र सो संग सम्बन्धीत क्षेत्रलाई प्रभावकारी एवं व्यवस्थीत रुपबाट सञ्चालन गर्न तथा खेलकुदकै माध्यमबाट आपसी विश्वास, सहकार्य र एकताद्धारा सामाजिक सद्भाव समेत कायम गर्न गराउन वाञ्छनिय भएकोले नेपालको संविधानको धारा २२१ र धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को अधिनमा रहि पछि प्रदेश सरकारले जारी गर्ने कानूनसंग बाझिएमा बाझिएको हद सम्म स्वतः वदर हुने गरी यस खिजीदेम्वा गाउँपालिकाको गाउँकार्यपालिकाले यो खेलकुद सम्बन्धी कार्यविधि २०८२ जारी गरेको छ।

## परिच्छेद १
## प्रारम्भिक

१.१ संक्षिप्त नाम र प्रारम्भः यस कार्यविधिको नाम "**खिजीदेम्वा गाउँपालिकाको खेलकुद विकास सम्बन्धी कार्यविधि २०८२**"रहेको छ।

१.२ यो कार्यविधि कार्यपालिकावाट पारित भई राजपत्रमा प्रकाशन भएको मितिबाट लागूहुनेछ।

१.३. परिभाषाः विषय वा प्रशंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "खेलकुद" भन्नाले खिजीदेम्वा गाउँपालिका को आयोजनामा वा स्वीकृतिमा खेलिने वा खेलाइने विभिन्न विद्याका खेलकुद प्रतिस्पर्धा समेतलाई सम्झनु पर्दछ। सो शब्दले नेपाल सरकार, प्रदेश सरकार, अन्य

स्थानीय तह र विभिन्न खेलकुद सम्बन्धी निकायहरु समेतले आयोजना गर्ने खेलकुद सम्झनु पर्छ ।

ख) “खेलाडी” भन्नाले राष्ट्रिय, अन्तराष्ट्रिय खेलाडीका साथै खिजीदेम्वा गाउँपालिका भित्रका र अन्य स्थानीय तहका विभिन्न विधाका खेलाडीहरुलाई सम्झनु पर्छ ।

(ग) “प्रतियोगिता” भन्नाले खिजीदेम्वा गाउँपालिका ले गाउँपालिका भित्र गाउँपलिका तथा अन्य संघ सस्था वा निकायहरुले गाउँपालिकको अनमति तथा सम्झौता अनुसार औपचारिक रुपमा आयोजना गरेको खेलकुद प्रतियोगिता सम्झनु पर्छ ।

(घ) “फुटवल प्रतियोगिता” भन्नाले खिजीदेम्वा गाउँपालिकाले गाउँपालिकाभित्र औपचारिक रुपमा आयोजना गरेको फुटबल खेल प्रतियोगिता सम्झनु पर्छ । सो शब्दले नेपाल सरकार, प्रदेश सरकार,अन्य स्थानीय तह र विभिन्न खेलकुद सम्बन्धी निकायहरु समेतले आयोजना गर्ने फुटबल खेल प्रतियोगिता सम्झनु पर्छ ।

(ङ) “भलिबल प्रतियोगिता” भन्नाले खिजीदेम्वा गाउँपालिकाले गाउँपालिकाभित्र औपचारिक रुपमा आयोजना गरेको भलिबल खेल प्रतियोगिता सम्झनु पर्छ । सो शब्दले नेपाल सरकार, प्रदेश सरकार,अन्य स्थानीय तह र विभिन्न खेलकुद सम्बन्धी निकायहरु समेतले आयोजना गर्ने भलिबल खेल प्रतियोगिता सम्झनु पर्छ ।

(च) “क्रिकेट प्रतियोगिता” भन्नाले खिजीदेम्वा गाउँपालिका ले गाउँपालिका भित्र औपचारिक रुपमा आयोजना गरेको क्रिकेट खेल प्रतियोगिता सम्झनु पर्छ । सो शब्दले नेपाल सरकार, प्रदेश सरकार,अन्य स्थानीय तह र विभिन्न खेलकुद सम्बन्धी निकायहरु समेतले आयोजना गर्ने क्रिकेट खेल प्रतियोगिता सम्झनु पर्छ ।

(छ) “तेक्वान्दो प्रतियोगिता” भन्नाले खिजीदेम्वा गाउँपालिका ले गाउँपालिका भित्र औपचारिक रुपमा आयोजना गरेको तेक्वान्दो खेल प्रतियोगिता सम्झनु पर्छ । सो शब्दले नेपाल सरकार, प्रदेश सरकार,अन्य स्थानीय तह र विभिन्न खेलकुद सम्बन्धी निकायहरु समेतले आयोजना गर्ने तेक्वान्दो खेल प्रतियोगिता सम्झनु पर्छ ।

(ज) “गाउँ कार्यपालिका” भन्नाले खिजीदेम्वा गाउँपालिकाको गाउँ कार्यपालिका सम्झनु पर्छ।

(झ) “गाउँपालिका” भन्नाले खिजीदेम्वा गाउँपालिका सम्झनु पर्छ।

(ञ) “अध्यक्ष” भन्नाले खिजीदेम्वा गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ।

(ट) “उपाध्यक्ष” भन्नाले खिजीदेम्वा गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ।

(ठ) “वडा अध्यक्ष” भन्नाले खिजीदेम्वा गाउँपालिकाको प्रत्येक वडाको अध्यक्ष सम्झनु पर्छ।

(ड) “समिति” भन्नाले खिजीदेम्वा गाउँपालिकाको खेलकुद समिति सम्झनु पर्छ।

(ढ) “समिति अध्यक्ष” भन्नाले खिजीदेम्वा गाउँपालिकाको खेलकुद सम्बन्धी कार्य सञ्चालन गर्न गठित समितीको अध्यक्ष सम्झनु पर्छ।

(ण) “वोर्ड” भन्नाले गाउँपालिका अन्तर्गत समग्र विधाको खेलकुदको संरक्षण, सम्बर्धन, प्रवर्द्धन र विकास गर्ने दायित्व सहितको जिम्मेवारी प्राप्त खेलकुद प्रवर्द्धन वोर्डलाई सम्झनु पर्दछ।

(त) “संरक्षक”भन्नाले कार्यविधिको दफा ५ बमोजिम खेलकुदको विकास संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन गर्ने जिम्मेवारी सहितको खेलकुद प्रवर्द्धन वोर्डको संरक्षक सम्झनु पर्छ।

(थ) “संस्था” भन्नाले खेलकुद सम्बन्धी संस्था सम्झनु पर्दछ।

(द) “राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता” भन्नाले विद्यालय स्तरबाट खेल प्रतिभाको खोजी गर्न सञ्चालन गरिने केन्द्र स्तरको खेलकुद प्रतियोगीतालाई सम्झनु पर्दछ।

(ध) “प्रशिक्षक” भन्नाले सम्बन्धीत खेलको खेलाडीहरुलाई प्रशिक्षण गर्ने मुख्य व्यक्ति सम्झनु पर्छ।

(न) “सहायक प्रशिक्षक” भन्नाले सम्बन्धीत खेलको खेलाडीहरुलाई प्रशिक्षण गर्ने सहायक व्यक्ति सम्झनु पर्छ।

(प) “रेफ्री (निर्णायक)” भन्नाले सम्बन्धीत खेल सञ्चालन गर्ने मुख्य व्यक्ति सम्झनु पर्छ।

(फ) ‘‘सहायक रेफ्री’’ भन्नाले सम्बन्धीत खेल सञ्चालन गर्ने सहायक व्यक्ति सम्झनु पर्छ ।

ब) "ऐन" भन्नाले शिक्षा ऐन, २०२८ तथा खिजीदेम्वा गाउँ कार्यपालिकाले निर्माण गरेको शिक्षा ऐन,२०७५ लाई समेत जनाउँदछ।

(भ) "नियमावली" भन्नाले शिक्षा नियमावली,२०५९ सम्झनु पर्दछ।

(म) "विद्यालय" भन्नाले खिजीदेम्वा गाउँपालिका भित्र सञ्चालित सामुदायिक विद्यालय सम्झनु पर्छ।

(य) "शिक्षक " भन्नाले खिजीदेम्वा गाउँपालिका भित्रको सामुदायिक विद्यालयमा कार्यरत सबै किसिमका शिक्षकहरुलाई सम्झनु पर्छ।

(र) "शिक्षा अधिकृत" भन्नाले खिजीदेम्वा गाउँपालिकाको शिक्षा अधिकृत सम्झनु पर्छ ।

(ल) "आचार संहिता" भन्नाले शिक्षकले शिक्षा ऐन,२०२८ तथा शिक्षा नियमावली,२०५९ मा व्यवस्था गरिएको शिक्षकले पालना गर्नुपर्ने सम्पूर्ण आचारसंहिता वुझ्नुपर्दछ।

(व) "खेलकुद प्रशिक्षक" यो कार्यविधि बमोजिक गाउँपालिकाले नियुक्ति गर्ने खेलकुद प्रशिक्षक सम्झनु पर्दछ।

(श) ‘‘प्रमुख प्रशासकीय अधिकृत’’ भन्नाले खिजीदेम्वा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्दछ ।

(ष). "कार्यालय" भन्नाले खिजीदेम्वा गाउँ कार्यपालिकाको कार्यालय सम्झनुपर्छ ।

(स )"माध्यमि विद्यालय’’ भन्नाले खिजीदेम्वा गाउँपालिका भित्रका माध्यमिक विदयालय सम्झनुपर्छ।

ह) ‘‘ब्याडमिनटन प्रतियोगिता’’ भन्नाले खिजीदेम्वा गाउँपालिकाले गाउँपालिकाभित्र औपचारिक रुपमा आयोजना गरेको ब्याडमिनटन खेल प्रतियोगिता सम्झनु पर्छ । सो शब्दले नेपाल सरकार, प्रदेश सरकार,अन्य स्थानीय तह र विभिन्न खेलकुद सम्बन्धी निकायहरु समेतले आयोजना गर्ने ब्याडमिनटन खेल प्रतियोगिता सम्झनु पर्छ ।

**१.४. खेलकुदको विकास संरक्षण, प्रवर्द्धन**

(१) समग्र विधाको खेलकुदको संरक्षण, प्रवर्द्धन र विकास गर्ने दायित्व सहितको जीम्मेवारी गाउँपालिकाको हुनेछ।

(२) खेलकुद सम्बन्धी सम्पूर्ण काम र गतिबिधिको अनुगमन र निर्देशन यसै कार्यविधि बमोजिम गठित खेलकुदको विकास संरक्षण र प्रवर्द्धन वोर्डले गर्नेछ। सो कार्यका लागि गाउँपालिकाले आवश्यक बजेट व्यवस्था गर्नेछ।

## परिच्छेद- २

## खेलकुद प्रवर्धन वोर्डको गठन र काम, कर्तव्य र अधिकारः

**२.१. खेलकुद प्रवर्द्धन वोर्डः** (१) खेलकुदको विकास संरक्षण, सम्बर्धन, प्रवर्द्धन गर्ने जिम्मेवारी सहितको वोर्डमा देहाय बमोजिमका सदस्य तथा पदाधिकारी रहने छन्।

क) गाउँपालिकाको अध्यक्ष –संरक्षक

ख) गाउँपालिकाको उपाध्यक्ष – सदस्य

ग) खिजीदेम्वा खेलकुद महासंघको अध्यक्ष वा सो नभए कार्यपालिकाले मनोनित कार्यपालिका सदस्यहरुमध्येबाट १ जना – सदस्य

घ) गाउँपालिका अध्यक्षले मनवनित गरेको कार्यपालिका सदस्यहरुमध्येबाट १ जना – सदस्य

ङ) गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत – सदस्य सचिव

**२.२ खेलकुद प्रवर्द्धन वोर्डको काम, कर्तव्य र अधिकार:**

१) वोर्डको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

क) गाउँपालिकाले चालु आ.व.मा खेल क्षेत्रको लागि विनियोजन गरेको बजेटको सीमा भित्र रही सम्बन्धीत खेलकुद विकास समितिलाई योजना बनाई कार्यक्रम सञ्चालन गर्न निर्देशन दिने।

ख) खेलकुद विकास समितिलाई बिभिन्न विधाका प्रतिस्पर्धात्मक खेलहरु आयोजना गर्न निर्देशन दिने।

ग) खेलकुद विकास समितिले वोर्ड समक्ष पेश गरेको योजनाहरुलाई खिजीदेम्वा खेलकुदको बिकासका लागि केन्द्र र प्रदेश सरकारका साथै जिल्ला समन्वय समितीमा पेश गर्ने र योजना कार्यन्वयनका लागि पहल गर्ने ।

घ) खेलकुद विकास समितिले आफुलाई पेश गरेको प्रतिवेदन बैठकद्धारा पारित गरी रेकर्ड राखी गाउँकार्यपालिका समक्ष पेश गर्ने ।

ङ) वोर्ड समक्ष सिफरिस भई आएका प्रतियोगितामा महत्वपूर्ण स्थान हासिल गर्ने खेलाडी, प्रशिक्षक, रेफ्री (निर्णायक) र खेलकुद सम्बन्धी संस्थाहरुलाई उपहार, सम्मान, पुरस्कार वोर्डको संरक्षकको बाहुलीबाट प्रदान गर्ने ।

च) खिजीदेम्वा गाउँपालिका अन्तर्गत सबै विधाको खेलकुदको संरक्षण, सम्बर्धन, प्रवर्द्धन र विकास गर्ने दायित्व सहितको जीम्मेवारी बहन गर्ने ।

छ) एक आर्थिक वर्ष भित्रमा ४ पटक सम्म बैठक सञ्चालन गर्ने ।

ज) आवश्यक्ता अनुसारको अन्य काम गर्ने ।

**परिच्छेद- ३**

**खिजीदेम्वा गाउँपालिकाको खेलकुद विकास समितिको गठन तथा काम, कर्तव्य र अधिकारः**

**३.१ खिजीदेम्वा गाउँपालिकाको खेलकुद विकास समितिको गठनः**

खिजीदेम्वा गाउँपालिकाका खेलकुद विकास समितिको गठन देहाय बमोजिम हुनेछः–

क) खेलकुद क्षेत्रमा योगदान दिन सक्ने व्यक्तिहरु मध्येबाट गाउँपालिका अध्यक्षले छनौट गरेको १ जना - अध्यक्ष

ख) गाउँपालिका अध्यक्षले मनोनित गरेको खेलकुद क्षेत्रमा योगदान दिएका तथा खेल सम्बन्धीज्ञान भएको व्यक्तिहरु मध्येबाट २ जना - सदस्य

ग) गाउँ शिक्षा समितिका सदस्यहरुमध्येबाट गाउँ शिक्षा समितिले मनोनित गरेको १ जना - सदस्य

घ) गाउँपालिकाको शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख १ जना -सदस्य सचिव

**३.२. खेलकुद विकास समितिको काम, कर्तव्य र अधिकारः** (१) खेलकुद समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

क) गाउँपालिकाले चालु आ.व.मा खेल क्षेत्रको लागि विनियोजन गरेको बजेटको सीमा भित्र रही सम्बन्धीत खेलकुद सम्बन्धी योजना बनाई कार्यक्रम सञ्चालन गर्ने ,

ख) विभिन्न विधाका प्रतिस्पर्धात्मक खेलहरु आयोजना गर्ने,

ग) केन्द्र सरकार, प्रदेश सरकार, अन्य स्थानीय तह र विभिन्न खेलकुद सम्बन्धी निकायहरुले आयोजना गरेका खेलकुद कार्यक्रममा आमन्त्रण गरिएमा खिजीदेम्वा गाउँपालिका क्षेत्र भित्रका खेलाडी, टीम वा संस्था (क्लब) लाई आवश्यकता र औचित्यका आधारमा सहभागी गराउने,

घ) निजी र व्यवसायिक क्षेत्रलाई समेत खेलकुदमा सहभागी र साझेदार बनाउने ,

ङ) खिजीदेम्वा गाउँपालिका तथा खेलकुद वोर्डको संयोजनमा विभिन्न विधाका खेलाडीहरुको पहिचान र प्रोत्साहन सम्बन्धि योजना बनाई लागू गर्ने ,

च) खिजीदेम्वाको खेलकुदको बिकासका लागि केन्द्र र प्रदेश सरकारका साथै जिल्ला समन्वय समितीसंग सम्पर्क गर्न वोर्ड तथा गाउँपालिकाको परामर्समा योजना बनाई वोर्डमा पेश गर्ने ,

छ) गाउँपालिकाको आयोजनामा हुने खेल प्रतियोगिताको सुचना प्रचार प्रसार गर्ने ,

ज) खेलकुद सम्बन्धी सम्पुर्ण कार्यक्रम र योजना तथा लागतको हिसाब किताब चुस्त दुरुस्त राख्ने,

झ) खेलकुद सञ्चालन र व्यवस्थापनको लागि कोष स्थापना गरी सञ्चालन गर्न सक्ने,

ञ) खेलकुद सञ्चालन र व्यवस्थापनको लागि गाउँपालिका तथा खेलकुद प्रवर्द्धन वोर्डको स्विकृतीमा खेलकुद कार्यक्रम सञ्चालन गर्ने ,

ठ) आधारभुत र माध्यमिक तहका विद्यालयका विद्यार्थी खेलाडीहरुलाई सहभागी गराई अन्तर मा.वि., अन्तर आ.वि.का छुट्टा छुट्टै खेलहरु आयोजना र सञ्चालन गर्ने ,

ड) योजना अन्तर्गतका खेलकुद कार्यक्रम सम्पन्न गरि सोहि अनुसारको प्रतिवेदन र सम्पन्न हुन बाँकी रहेका खेलकुद तथा योजनाहरुको सम्बन्धमा सोहि अनुसारको प्रतिवेदन तयार पारी चालु आ.व. को अन्त्यमा वोर्ड समक्ष अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

ढ) गाउँपालिकाको खेलकुद सम्बन्धी महत्वपूर्ण स्थान हासिल गर्ने खेलाडी, प्रशिक्षक, रेफ्री (निणायक) र खेलकुद सम्बन्धी संस्थाहरुलाई उपहार, सम्मान, पुरस्कार दिन वोर्ड समक्ष सिफारिस गर्ने र वोर्डसँगको समन्वयमा उपहार, सम्मान, पुरस्कारको व्यवस्था गर्ने ।

ण) खेलकुद प्रवर्द्धन वोर्डको निर्देशन बमोजिम काम गर्ने ।

**३.३ खेलकुद विकास समितिले खेलकुद सम्बन्धी महत्वपूर्ण स्थान हासिल गर्ने खेलाडी, प्रशिक्षक, रेफ्री निणायक) र खेलकुद सम्बन्धी संस्थाहरुलाई उपहार, सम्मान, पुरस्कार दिन उनिहरुको प्रतिभा छनौटको आधारहरु निम्न अनुसार तय गर्नेः**

क) खेलाडी, प्रशिक्षक, रेफ्री (निर्णायक) र खेलकुद सम्बन्धी संस्था (क्लब) को विशेष प्रतिभा,

ख) खेलप्रतिको जिम्मेवारी,

ग) अनुशासन

घ) खेलाडी, प्रशिक्षक, रेफ्री (निणायक) र खेलकुद सम्बन्धी संस्था (क्लब) को योगदान ङ) व्यक्तिगत रुपमा वेरुजु फछ¥यौट गर्न बाँकी नरहेको

**३.४. खेलकुद विकास समितिका सदस्यहरुलाई हटाउन सकिनेः** खेलकुद विकास समितिका कुनै सदस्यको काम चित्त बुझ्दो नभएमा वा खेलकुद विकास समितिको वहुमतको निर्णयबाट सिफारिस भई आएमा वोर्डले त्यस्तो सदस्यलाई कुनै पनि बखत हटाउन सक्नेछ । हटाउनु अघि त्यस्तो सदस्यलाई सफाइको मौका दिइनेछ ।

**३.५ खेलकुद विकास समितिको सदस्यहरुको कार्यकाल**: खेलकुद विकास समितिको सदस्यहरुको कार्यकाल ३ वर्षको हुनेछ। वोर्डले उचित र आवश्यक्ता महसुस गरेमा अर्को एक कार्यकाल थप गर्न सक्नेछ।

**३.५ सार्वजनिक गर्नु पर्ने**: खेलकुद विकास समितिले वोर्ड समक्ष पेश भएको प्रतिवेदनलाई वोर्डको बैठकमा सार्वजनिक गर्नु पर्नेछ।

**३.६ वजेट व्यवस्था**: यस कार्यविधि बमोजिम प्रदान गरिने खेलकुद पुरस्कार र सम्मानका लागि आवश्यक रकमको व्यवस्था गाउँपालिकाको स्वीकृत र विनियोजित वार्षिक वजेट बाट गरिनेछ।

**परिच्छेद -४**

**खेलकुद प्रशिक्षक नियुक्ति, व्यवस्थापन तथा परिचालन सम्बन्धी व्यवस्था**

**४.१ छनौट समिति, पाठ्यक्रम/मूल्यांकनका आधार तथा कर्मचारी नियुक्ति प्रक्रिया**

**४.१.१ खेलकुद प्रशिक्षक छनौट तथा सिफारिस (परीक्षा ) समिति:**

“खेलकुद प्रशिक्षक छनौट तथा सिफारिस समिति देहाय बमोजिम रहनेछ।

क. प्रमुख प्रशासकीय अधिकृत - संयोजक

ख.कार्यालयले तोकेको खेलकुद सम्बन्धी ज्ञान भएको विषयविज्ञ १ जना - सदस्य

ग. शिक्षा शाखा प्रमुख - सदस्य सचिव

**४.१.२ पाठ्यक्रम/मूल्यांकनका आधार :**

| क्र.स. | मूल्यांकनका क्षेत्र | अंकभार | कै |
|---|---|---|---|
| **१** | **शैक्षिक योग्यता** | **१५** | |
| | क.न्यूनतम शैक्षिक योग्यता | १० | |
| | | प्रथम श्रेणी-१० | |
| | | द्वितीय श्रेणी-८ | |
| | | तृतीय श्रेणी -६ | |
| | ख.माथिल्लो शैक्षिक योग्यता | ५ | |

| | | | |
|---|---|---|---|
| | | प्रथम श्रेणी-५ | |
| | | द्वितीय श्रेणी-३ | |
| | | तृतीय श्रेणी -२ | |
| २ | **सम्बन्धित खेलको लागि रेफ्री कोर्ष पूरा गरी परिचय पत्र प्राप्त गरेको भएमा** | **१५** | |
| | | राष्ट्रिय स्तर -१५ | |
| | | प्रदेश स्तर -१० | |
| | | | |
| ३ | **खेल प्रशिक्षकको तालिम लिई प्रमाण पत्र हासिल गरेको भएमा** | **२५** | |
| | | तृतीय स्तर (Level- 3) -२५ | |
| | | दोश्रो स्तर (Level- 2) -२० | |
| | | पहिलो स्तर (Level- 1) -१५ | |
| ४ | **भौगोलिक क्षेत्रको** | **१०** | |
| | खिजीदेम्वा गाउँपालिका भित्रको स्थायी बासिन्दा भएमा | १० | |
| | ओखलढुङ्गा जिल्ला भित्रको स्थायी बासिन्दा भएमा | ५ | |
| | ओखलढुङ्गा जिल्ला बाहिरको स्थायी बासिन्दा भएमा | ३ | |
| ५ | **अन्य थप खेल विद्याको तालिम लिएको तथा रेफ्रीको परिचय पत्र हासिल गरेको भएमा** | **१०** | |
| ६ | **अन्तरवार्ता** | **२५** | |
| | | व्यक्तित्व-५ | |
| | | प्रस्तुति -३ | |
| | | खेल प्रशिक्षण सम्बन्धी ज्ञान-५ | |
| | | अनुभव-५ | |
| | | प्रतिवद्धता तथा विगतमा खिजीदेम्वा | |

| | | | |
|---|---|---|---|
| | | गाउपालिकालाई दिएको योगदान -७ | |
| **जम्मा** | | १०० | |

**४.१.२. क. उम्मेद्वारको अन्य थप खेल विधाको रेफ्री परिचय पत्र तथा प्रशिक्षक प्रमाण पत्रको मूल्यांकन गर्दा प्रति विधा ५ अंकका दरले बढीमा १० प्रदान गरिनेछ ।**

**४.१.२. ख.उम्मेदवारले अनुभवको प्रमाणित कागज पेश गरेमा प्रति वर्ष १ अंकका दरले लाई अनुभव बापत अधिक्तम ५ अंक प्रदान गरिनेछ ।**

**४.१.३ परीक्षा केन्द्र** : खिजीदेम्वा गाँउपालिका, गाँउकार्यपालिकाको कार्यालय

**४.१.४ नियुक्ति प्रक्रिया:**

क. गाउँ कार्यपालिकाको निर्णयानुसार कम्तिमा ७ दिनको म्याद राखी दरखास्त आहवानको सूचना प्रकाशन गर्ने ।

ख. उम्मेदवारले पेश गरेको कागजातको आधारमा मूल्यांकन गरी उम्मेद्वारहरुको नामावली छोटो सूचीमा प्रकाशन गर्ने ।

ग. छोटो सूचीमा पर्ने उम्मेदवारहरुको अन्तरवार्ता लिई समग्र मूल्यांकन प्राप्ताङ्को आधारमा गरिनेछ ।

घ.योग्यताक्रमको आधारमा सफल र बैकल्पिक उम्मेद्वार छनौट तथा सिफारिस मसितिले नियुक्तिको लागि सीफारिस गरिने ।

ङ. नियुक्तिको लागि सूचना प्रकाशन गरिएको मितिले ३ दिन भित्र उम्मेद्वारले कार्यालयमा सम्पर्क गरिसक्नु पर्नेछ ।

च. नियुक्त पत्र पाएको मितिले ३ दिन भित्र उम्मेदवार कार्यालयमा हाजिरी भईसक्नु पर्नेछ । अन्याथा स्वत: बैकल्पिक उम्मेद्वारलाई कार्यालयले नियुक्ति गर्न सक्नेछ ।

छ. कार्यपालिकाको निर्णयानुसार बढीमा ६ महिनाको लागि करारमा नियुक्ति गरिनेछ।

ज. नियुक्ति गरिएको खेल प्रशिक्षकले चित्त वुझ्दो काम नगरेमा वा आचारसंहिता विपरित काम गरेमा गाउँ कार्यपालिकाको निर्णयले जुनसुकै वखत पद मुक्त गर्न सक्नेछ, तर नीजलाई पदबाट बर्खास्त गर्नुभन्दा अगाडि सफाइ पेश गर्ने मौका दिईनेछ।

**४.२ उम्मेद्वारको योग्यता तथा अन्य व्यवस्था**

**४.२.१.आवश्यक शैक्षिक योग्यता**

क. मान्यता प्राप्त शैक्षिक संस्थाबाट आइ. एड. वा सो सरह उत्तीर्ण गरेको।

ख. आधिकारिक संस्था वा निकायबाट सम्बन्धित खेल विधाको रेफ्री परिचय पत्र (अनुमति पत्र) वा प्रशिक्षकको प्रमाण पत्र प्राप्त गरेको ।

**४.२.२. उम्मेद्वारको लागि अयोग्यता-** देहायका व्यक्तिहरु कर्मचारी पदमा उम्मेद्वार हुनको लागि योग्य हुन सक्ने छैन-

क) गैर नेपाली नागरिक,

ख) २१ वर्ष पुरा नभएको,

ग) ४५ वर्ष पूरा भएको,

घ) मगज बिग्रेको,

ङ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएको,

च) भविष्यमा सरकारी नोकरीको लागि अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिएको।

**४.२.३.बिदा-** प्रशिक्षकले सेवा अवधिभर प्रति महिना १ दिनका दरले पर्व वा भैपरी बिदा र प्रति महिना १ दिनका दरले बिरामी बिदा पाउनेछ ।

**४.२.४. आचर संहिता तथा जिम्मेवारी** - खेलकुद प्रशिक्षकले देहाय अनुसारको आचार संहिता पालना तथा जिम्मेवारी बहन गर्नुपर्नेछ ।

क. आफूलाई दिइएको जिम्मेवारी इमानदारीतापूर्वक पूरा बहन गर्नुपर्नेछ ।

ख. प्रशिक्षण गरेको विद्यालयबाट काम गरेको समयावधि सहितको सिफारिस पत्र सम्वन्धित विद्यालयबाट प्रमाणित गरी कार्यालयमा पेश गर्नुपर्नेछ ।

ग. प्रशिक्षकले गाउँपालिकाबाट उपलब्ध गराइने पारिश्रमिक तथा भत्ता बाहेक कुनै विद्यालय, संघ, संस्था तथा व्यक्तिबाट थप कुनै सुविधा लिन पाउने छैन ।

घ. कुनै पनि राजनीतिक कृयाकलापमा संलग्न हुनु हुदैँन र कार्यसम्पादन गर्दा आफ्नो राजनैतिक प्रभाव पर्न दिनुहुदैँन ।

ङ. प्रशिक्षकले गाउँपालिकामा हाजिरी नभएको दिन आफुले काम गरेको विद्यालयमा हाजिरी गर्नुपर्ने र सो जानकारी कार्यालयलाई दिनुपर्ने ।

च.प्रशिक्षकले आफूले गरेको कामको विवरण सहितको प्रतिवेदन मासिक रुपमा पेश गर्नुपर्ने ।

छ. प्रशिक्षकले खिजीदेम्वा गाउँपालिकाभित्रका सम्पूर्ण माध्यमिक विद्यालयहरुमा साथै आवश्यक्ता अनुसार आधारभूत वद्यालयहरुमा समेत पालैपालो खेलकुद प्रशिक्षण गर्नुपर्नेछ ।

ज. गाउँपालिकाबाट जिल्लास्तरको राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता तथा अन्य खेलकुद प्रतियोगितामा खेलाडी सहभागी गराउदा प्रशिक्षकको भूमिका निर्वाह गर्नुपर्नेछ ।

झ. विद्यालय तथा गाउँपालिकालाई खेलाडी छनौटमा सहयोग गर्नुपर्ने ।

**४.२.५. पारिश्रमिक तथा भत्ता**: खेल प्रशिक्षकको पारिश्रमिक तथा अन्य भत्ता देहाय अनुसार हुनेछ:

क. पारिश्रमिक: प्राथमिक तह तृतीय श्रेणी शिक्षक सो सरहको पारिश्रमिक ।

ख. फिल्ड भत्ता: मासिक रु ५,०००।– ।

ग. अन्य सेवा सुविधा गाउँ कार्यपालिकाकको निर्णयानुसार हुनेछ ।

## परिच्छेद -५

## दर्ता, नविकरण र विघटन

### ५.१ दर्ता र स्वीकृती:

(क) गाउँपालिका भित्र गठित वा गठन हुने कुनै पनि खेलकुद सम्बन्धी संघ संस्था वा क्लव गाउँपालिकामा दर्ता गर्नुपर्नेछ । गाउँपालिकामा दर्ता नभएका संघ-संस्था वा क्लवलाई खेल संचालन गर्न गाउँपालिकाले स्वीकृती दिने छैन ।

(ख) संघ संस्था वा क्लव दर्ता र विधान स्वीकृतीको लागि अनुसूची–१ को ढाँचामा निवेदन दिईनु पर्नेछ ,

(ग) संघ संस्था वा क्लव दर्ता र विधान स्वीकृतीको लागि निबेदन पर्न आएमा गाउँपालिकाले विधान स्वीकृत गरी टिम वा संस्था दर्ता गरी अनुसूची–२ को ढाँचामा प्रमाण पत्र दिनु पर्नेछ । सोहि प्रमाण पत्रमा हरेक वर्ष नविकरण भएको विवरण उल्लेख गरी सम्बन्धित कर्मचारीले सही गरी नविकरण गर्नु पर्नेछ, । सो प्रमाण पत्र प्रमूख प्रशासकिय अधिकृतले प्रमाणित गरी दिनुपर्नेछ ।

(घ) पहिला नै दर्ता भइसकेको संस्था भए गाउँपालिकामा सूचीकृतको लागी अनुसूची–३ को ढाँचामा लिखित निवेदन दिनु पर्नेछ,

(ङ) सूचीकृत भएका संस्थाहरुलाई अनुसुची–४ बमोजिम प्रमाण पत्र दिईनेछ । सोही प्रमाण पत्रमा हरेक वर्ष नविकरण भएको विवरण उल्लेख गरी सम्बन्धित कर्मचारीले सही गरी नविकरण गर्नुपर्नेछ,

(च) दर्ता वा सूचीकृत भएका संस्थाको नविकरण गर्न दिईने निवेदन अनुसूची ५ बमोजिम को ढाँचामा हुनुपर्ने ,

(छ) गाउँपालिकामा सूचीकृत गर्दा आवेदन फारम शूल्क बाहेक अन्य दस्तुर लाग्नेछैन ।

(ज) प्रत्येक वर्षको आषाढ मसान्त भित्र सबै दर्तावाल वा सूचीकृत संस्थाहरुले खेलकुद समितिमा अनिवार्य नविकरण गराउनु पर्नेछ ।

**५.२ जरिवानाः**

**(५.२.१) दर्ता भएका खेलकुद सम्बन्धी क्लव वा संस्थाहरुले प्रत्येक आर्थिक वर्षभित्र नविकरण नगराएमा देहाय बमोजिम जरिवाना गरिनेछः**

(क) छ महिना सम्म पनि नविकरण नगरेमा रु.३००।-

(ख) एक वर्ष सम्म पनि नविकरण नगरेमा रु.१०००।-

(ग) दुई वर्ष सम्म पनि नविकरण नगरेमा रु.३०००।-

(घ) दुई वर्ष सम्म पनि नविकरण नगरेमा रु.५०००।-

ङ) सो भन्दा माथी पाँच वर्ष सम्म पनि नविकरण नगरेमा रु १०,०००।-

(५.२.२) पाँच वर्ष सम्म पनि नविकरण नगर्ने टिम वा संस्थालाई दर्ताको सूचीबाट हटाइनेछ । यसरी समयमै नविकरण नगरी दर्ताको सूचीबाट हटी सकेको टिम वा संस्थामा संलग्न व्यक्तिको अर्को संस्था दर्ता गरिनेछैन ।
(५.२.३) समयमै नविकरण नगर्ने टिम वा संस्थाले आफ्नो कोषबाट जरिवाना बुझाउनु पर्नेछ । तर संस्थाको कुनै व्यक्तिका कारणले टिम वा संस्था नविकरण गर्न विलम्ब हुन गएको भए उक्त व्यक्तिबाट संस्थाले असूल उपर गर्न सक्नेछ ।

**५.३ क्लव वा संस्थाको विघटन:** दर्ता भएको खेलकुदका संस्थाहरु देहायको अवस्थामा विघटन हुन सक्नेछन:

(क) टिम वा संस्थाका दुई तिहाई बहुमतले संस्था विघटन गर्ने भनी निर्णय गरेमा ,

(ख) लगातार ५ वर्ष सम्म संस्था नविकरण नगरेमा ,

(ग) संस्थाका पदाधिकारी निष्कृय भएमा वा वेपत्ता भएमा ,

(घ) प्राकृतिक विपत्तिको कारणबाट टिम वा संस्था क्षतिग्रस्त भएमा ।

**५.४ विघठित सस्थाको सम्पत्ति:** विगठन भएको संस्थाको सम्पत्ति गाउँपालिकाको खेलकुद समिति मातहतमा रहनेछ ।

## परिच्छेद -६
## अन्य व्यवस्था:

क.खेलकुद विकास समितिद्वारा सञ्चालित प्रतियोगितको खेल विद्या, स्थान, खेलको नियम, पुरस्कार राशी लगायतका अन्य व्यवस्था समितिको निर्णयले निर्धारण गरे अनुसार हुनेछ ।

ख. समितिले आवश्यक्ता अनुसार सञ्चालक समिति गठन गरी परिचालन गर्न सक्नेछ ।

ग.वडाको बजेट सिलिङबाट तथा अन्य संघ संस्था वा निकायबाट सञ्चालन हुने खेलकुद प्रतियोगिताको लागि छुट्टै सञ्चालक समिति गठन गरी परिचालन गर्न सक्नेछ । तर यस्तो खेलकुद प्रतियोगिता सञ्चालनको लागि कार्यालयसँग अग्रिम अनुमति लिई सम्झौता अनिवार्य गर्नुपर्नेछ ।

घ.गाउँ कार्यपालिकाले  स्वीकृत गरेको मितिदेखि यो कार्यविधि लागु हुनेछ र यस सम्बन्धमा बनेको सम्पूर्ण अघिल्लो कार्यविधिहरु खारेज हुनेछ। साथै खिजीदेम्वा गाउपालिकाले खेलकुद सम्बन्धी  गतिविधि सञ्चालन   गर्दा यस कार्यविधि बमोजिम गर्नु पर्नेछ।

**संस्था दर्ताको लागि  दिईने निवेदनको ढाँचा**

**अनुसूची १**

मितिः

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
खिजीदेम्वा गाउँपालिका, ओखलढुगां ।

विषयःक्लव/संस्था दर्ता सम्बन्धमा ।

म/हामीले तपसीलमा उल्लेखित विवरण अनुसारको खेलकुद सम्बन्धी संस्था दर्ता गर्ने मनसायले इच्छुक व्यक्तिहरुको भेलाबाट गठित तदर्थ समितिले क्लव/ संस्थाको विधान समेत तयार गरी सकेकोले एक प्रति विधान यसै निवेदन साथ संलग्न राखी विधान स्वीकृती र संस्था दर्ताका लागि आवेदन पेश गरिएको छ । नियमानुसार संस्था दर्ता गरीदिनु हुन अनुरोध गरिन्छ ।

संस्थाको नाम:

संस्थाको ठेगाना:

| | |
|---|---|
| सचीव | अध्यक्ष |
| नाम: | नाम: |
| हस्ताक्षर: | हस्ताक्षर: |

निवेदन साथ पेश गर्नु पर्ने कागजातहरु

क) संस्थाको विधानको मस्यौदा

ख) आवेदक र समितिका पदाधिकारीहरुको नेपाली नागरिकताको प्रतिलिपि

ग) संस्थाको छापको नमूना

घ) आमभेलाको निर्णयको प्रतिलिपि

**संस्था दर्ता प्रमाण पत्रको ढाँचा**

**अनुसूची २**

खिजीदेम्वा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खिजीफलाटे, ओखलढुगां ।

मिति:

संस्था दर्ता प्रमाण पत्र

संस्थाको नाम: ................................................

ठेगाना: ..........................................................

दर्ता हुँदाका बखत रहनु भएका समितिको पदाधिकारी र सदस्य संख्या:

दर्ता हुँदाका बखत रहनु भएको अध्यक्षको नाम:

माथि उल्लेखित विवरण भएको संस्थाको विधान स्वीकृत गरी खेलकुद निर्देशिका र विधानको अधिनमा रही खेलकुद सम्बन्धी गतिविधिहरु संचालन गर्न अनुमति दिई खिजीदेम्वा गाउँपालिका को खेलकुद विकास सम्बन्धी कार्यविधि २०८२ बमोजिम ..................................नामक संस्था दर्ताको प्रमाण पत्र प्रदान गरिएको छ ।

.....................................

प्रमुख प्रशासकीय अधिकृत

**संस्था सुचीकृतको लागि दिईने निवेदनको ढाँचा**

**अनुसूची ३**

मिति:

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
खिजीदेम्वा गाउँपालिका, ओखलढुगां।

विषयः संस्था सुचिकृत गरिदिनु हुन।

हामीले तपसिलको विवरण अनुसारको संस्था गठन गरी सञ्चालन गर्दै आएका छौं। नियमानुसार संस्था सूचीकृत गर्नु पर्ने भएकोले नियम अनुसार गरिदिन अनुरोध गर्दछौं।

संलग्न कागजातहरु

क) दर्ता प्रमाण पत्र

ख)चालु वर्षको लेखा परीक्षण प्रतिवेदन

ग) कर चुक्ता प्रमाण पत्र

घ) समितिको निर्णय निवेदकहरु

| | |
|---|---|
| सचीव | अध्यक्ष |
| नाम: | नाम: |
| हस्ताक्षर: | हस्ताक्षर: |

खिजीदेम्वा गाउँपालिका,ओखलढुगां ।

संस्था सूचिकृत र नविकरणको विवरण

| क्र.स | संस्थाको नाम | नविकरण भएको मिति | नविकरण दस्तुर | नविकरण गर्ने कर्मचारीको सहि र सम्बन्धीत शाखाको छाप |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

**संस्था नविकरणको लागि दिने निवेदनको ढाँचा**

**अनुसूची**

मितिः

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
खिजीदेम्वा गाउँपालिका, ओखलढुगां।

विषयः संस्था नविकरण गरी पाउँ।

..........................................................................नामक सस्था तहाँ कार्यालयमा दर्ता/सूचीकृत भई खेलकुद सम्बन्धी गतिविधीहरु संचालन गरी रहेको हुदा तपशिल बमोजिमका कागज पत्र संलग्न राखी नविकरण गरीपाउँ भनि निवेदन पेश गरिएको छ ।

निवेदन साथ पेश गर्नु पर्ने कागजातहरु

क) आर्थिक वर्ष .................को लेखापरीक्षण प्रतिवेदन

ख) संस्थाको वार्षीक गतीविधि,

ग) भावि योजना र बजेट

निबेदक

**आज्ञाले**

**नबिना गिरी**

**प्रमुख प्रशासकीय अधिकृत**